राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

१६ औं वार्षिकोत्सव

सुर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेटलगायतका शरीरका अङ्गहरू), मुटुसम्बन्धी रोगहरू, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालिन रोग लाग्न सक्दछ।
त्यसैले सुर्तीजन्य पदार्थ सेवन नगरौं।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष–१६ । । अङ्क : १७६ ॥ २०८१ श्रावण २३ गते बुधबार (7th Aug 2024 Wednesday) **Pratidin** National Daily मूल्य–रु.५/–

# विपद्‌बाट एकैदिन १३ जनाको मृत्यु

झापा(प्रस) । अविरल वर्षापछि आएको बाढी र पहिरोमा परी मंगलवार मात्रै ७ बालबालिकासहित १३ जनाको मृत्यु भएको छ। पहिरोमा परी बाग्लुङमा ६ बालबालिकासहित ८, गुल्मीमा चार र बाढीले बगाउँदा काभ्रेमा एक जनाको मृत्यु भएको हो।

योसँगै मनसुनजन्य घटनामा परी यसवर्ष ज्यान गुमाउनेको संख्या १६७ जना पुगेको छ। मंगलवार बागलुङको बडिगाड गाउँपालिका ९ दर्लिनका १५ वर्षीय विधान परियार, २४ वर्षका गंगा बस्नेतको पहिरोमा परी मृत्यु हुँदा अन्य तीन जना बेपत्ता भएका छन्।

बडिगाडकै वडानम्बर १० आरुपाटामा पहिरोले घर गोठ बगाउँदा सञ्जु विककी ६ महिने छोरी, ७ वर्षकी मालती बुढा, ७ वर्षकी मधु बुढा, १३ वर्षका मनोज बुढा, करिब १२ वर्षका अमन बुढा र ५९ वर्षकी मैतीदेवी विकको मृत्यु भएको बाग्लुङका सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले जानकारी दिए।

उनका अनुसार पहिरोमै पुरिएका अन्य ७ जना घाइतेको उद्धार गरिएको छ। गम्भीर घाइतेलाई उद्धारका लागि काठमाडौंबाट गएको नेपाली सेनाको हेलिकप्टर भने



मौसम खराब हुँदा बडिगाडमा पुग्न नसकेपछि बागलुङ बजारमै अवतरण गरिएको छ। घाइतेहरुको स्थानीय विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

यस्तै, गुल्मीको मुसीकोट नगरपालिका १ विसौनामा दुई घर पहिरोले पुरिँदा स्थानीय ६७ वर्षिय हुकुम विक, उनका छोरा वर्ष ४६ का गोरे विक, हुकुमकी बहिनी वर्ष ६६ की मसुरी विक र नातिनी अढाइ वर्षकी रियन्सीको मृत्यु भएको गुल्मीका प्रहरी निरीक्षक रामकुमार केसीले जानकारी दिए। अन्य दुई जना घाइते भएका छन्।

यस्तै, काभ्रेको धुलिखेल नगरपालिका-५ स्थित पुण्यमाता खोलामा आएको बाढीले बगाउँदा रामेछापको खाँडादेवी गाउँपालिका-३ घर भइ पनौती नपा-५ नैकिन्टार बस्ने ५० वर्षीया भगवती भागदासको पनि मृत्यु भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भारी वर्षाको उच्च जोखिम क्षेत्रका सडकमा रात्रि बस नचलाउन सचेत गराएको छ। जल तथा मौसम विज्ञान विभागले मंगलवार र बुधवार भारी वर्षा र अतिभारी वर्षा हुने प्रक्षेपण गरेको जनाउँदै प्राधिकरणले रातको समयमा सडक क्षेत्रमा बाढी र पहिराको आकलन गर्न कठिन हुने भएकाले उच्च जोखिम भएका जिल्लामा रात्रिकालीन बस नचलाउन सचेत गराएको हो।

विभागले भारी र अतिभारी वर्षाका कारण कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका ३४ जिल्ला उच्च जोखिममा रहने प्रक्षेपण गरेको छ। विभागले ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेह्रथुम, रसुवा, चितवन, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, दोलखा, म्याग्दी, बाग्लुङ, कास्की, पर्वत, स्याङ्जा, तनहुँ, नवलपरासीपूर्व, लमजुङ, गोरखा, कपिलवस्तु, रुपन्देही, पाल्पा, गुल्मी, दाङ, बाँके, बर्दिया, प्यूठान, अर्घाखाँची, रुकुमपश्चिम, कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडीलाई उच्च जोखिममा राखेको छ।

प्राधिकरणले विपद्को जोखिममा रहेका नागरिकलाई जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद्

❖ बाँकी अन्तिम पृष्ठमा

# नेपाल काभा लिगको फाइनलमा

झापा(प्रस) । नेपाल सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला नेसन्स लिग भलिबलको फाइनलमा पुगेको छ । नेपालले मंगलबार राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा इरानलाई ३ सोझो सेटमा पराजित गरेको हो ।नेपालले बुधबार हुने फाइनलमा भारतसँग खेल्नेछ । भारतले अर्को सेमिफाइनलमा श्रीलंकालाई पराजित गरेको थियो । उसले श्रीलंकालाई ३-० को सोझो सेटमा पराजित गर्दै




फाइनलमा पुगेको हो । राउन्ड रोविन लिगमा नेपालले भारतलाई ३-१ सेटमा पराजित गरेको थियो । भारतमाथि नेपालको यो अहिलेसम्मकै पहिलो विजय थियो ।

राउन्ड रोविन लिगमा इरानले नेपाललाई ३-२ सेटले पराजित गरेको थियो । नेपालले त्यसको बदला लिँदै फाइनल यात्रा तय

# कालो दिनमा बन्द आव्हान गरेनन्

कन्काई(प्रस)।तीन वटा पार्टी एकीकृत भएर बनेको नेपाल जनमुक्ति पार्टीले कनकाई नगरपालिकाको सुरुङ्गामा अन्तरक्रिया कार्यक्रम गरेको छ ।

पहिचान तथा स्वायत्तताको आन्दोलन र बि.सं. १८३१ को तत्कालीन गोर्खा राज्य र लिम्बुवानबिच भएको नुनपानी सन्धीको बिषयमा मंगलबार पार्टीले अन्तरक्रिया गरेको हो । लिम्बुवानसहितका पहिचानवादी पार्टीहरुले स्वायत्तताको आन्दोलन र बि.सं. १८३१ को तत्कालीन गोर्खा राज्य र लिम्बुवानबिच भएको नुनपानी सन्धी कार्यान्वयन नगरेको भन्दै साउन २२ गतेको दिनलाई कालो दिनको रुपमा लिदैं प्रत्येक बर्ष नेपाल बन्दको आव्हान गर्ने गरेका थिए । तर, यस बर्ष भने उक्त दिनको अवसर पारेर अन्तरक्रिया आयोजना गरिएको पार्टीका केन्द्रीय सचिव पालुङ्वाले जानकारी दिए ।

साउन २२ गतेलाई २०६६ सालदेखि कालो दिनको रुपमा लिँदै प्रत्येक बर्ष लिम्बुवानजन्य संगठनहरुले बन्द घोषणा गर्दै आएका थिए ।

राष्ट्रिय जनमुक्त पार्टी, संघीय लिम्बुवान पार्टी नेपाल र लिम्बुवान राष्ट्रिय समिति (लोसपा)



बिच ६ बुँदे सहमतिपछि पार्टीको नाम नेपाल जनमुक्ति पार्टी भएको गत साउन १६ गते बिर्तामोडमा घोषणा गरिएको थियो ।

नेपाल जनमुक्ति पार्टी किरात लिम्बुवान खम्बुवान प्रदेश समितिको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रमको ब्यवस्थापन जिल्ला समिति झापाको रहेको थियो । नेपाल जनमुक्ति पार्टी किरात लिम्बुवान खम्बुवान प्रदेश समितिका अध्यक्ष पर्शुराम मगरको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका नेता सन्जुहाङ पालुङ्वाको प्रमुख आतिथ्य रहेको थियो ।

पार्टीका केन्द्रीय उपाध्यक्ष भक्त खेवाङले स्वागत गरेको कार्यक्रममा उपमहासचिव बिष्णु थाम्देनले प्रस्तुत गरेको पार्टीको कार्यपत्र तथा अवधारणाका बिषयमा बुद्धिजीवी देशु बनेमले टिप्पणी गरेका थिए । पार्टीको अवधारणाको बिषयमा टिप्पणी गर्दै बनेमले २०६४ चैत ६ गते सातै दलका नेतृत्वसँग बसेर भएको सहमति अझै कार्यान्वयन नहुनु दुःखको कुरा भएको बताए । बि.सं. १८३१ कै अवस्थामा सन्धी गर्न नसकिएपनि अहिलेको परिवेशअनुसार सन्धी पालना हुनु पर्ने उनको जोड थियो । उनले सबै राजनीतिक दलले १८३१ को सन्धीलाई स्वीकार गरेपनि कार्यान्वयन नगरेको तर्क गरे । 'राज्यमा स्वायत्तताको बहस चलिरहेको छ' नेता बनेमले भने 'राजनीतिक दलहरुले पनि लिम्बूहरुलाई मान्यता दिएरै भ्रातृ संगठनहरु गठन गरेका छन् ।' तर, ४/५ वटा सांसद दिने बहानामा अल्मल्याएको जिकिर गर्दै संबिधान बनाउँदा पनि धोका दिएको तर्क गरे ।

राजाले गरेको सन्धी किन मान्ने भन्नुभन्दा पनि राजा पनि राज्य नै भएकाले उक्त सन्धी अहिलेको परिवेशअनुसार राज्यले मान्नु पर्ने बनेमले टिप्पणी गरेका छन् । प्रमुख अतिथिको सम्बोधन गर्दै पार्टीका नेता सञ्जुहाङ पालुङ्वाले १८१४ मा लिम्बूको राजपाट कसैले खोस्ने छैन र १८३१ मा सवै राज्यकै भएको लालमोहर लगाएको बताए । उनले १८३१ अघिको लालमोहरले मात्र साउन २२ लाई कालो दिन भन्न सकिने बताउँदै सवै पहिचानवादी एक भएर निरन्तररुपमा अधिकार खोजी गर्नु पर्ने बताए ।

टिपोटकर्ता केन्द्रीय सचिव एलबी पालुङ्वा रहेका अन्तरक्रिया कार्यक्रममा बुद्धिजीवी टेकबहादुर खजुम, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका उपाध्यक्ष ज्ञानबहादुर इम्वाङ, केन्द्रीय सचिवालय सदस्य लाहानसिंह तुम्वापो, प्रदेश नं. १ पुनःनामकरण संघर्ष समितिका अध्यक्ष डकेन्द्र थेगिम, महासचिव रामभक्त कुरुम्वाङ, पहिचानवादी मोर्चाका केन्द्रीय सदस्य केदार धिमाल, नागरिक उन्मुक्ति पार्टीका सह-महासचिव दिलकुमार लावतीलगायतले आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन नेपाल जनमुक्ति पार्टीका कोशी प्रदेश सचिव कृष्ण थेवेले गरेका थिए ।

# शिक्षक र कर्मचारीलाई पार्टी सदस्यता नवीकरण नगर्न निर्देशन




झापा(प्रस) । झापाको कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले पालिका मातहतका शिक्षक र कर्मचारीलाई पार्टी सदस्यता नवीकरण नगर्न निर्देशन दिएका छन् । नेपाली कांग्रेसका कोशी प्रदेश समिति सदस्यसमेत रहेका पालिका प्रमुख राईले कांग्रेससम्बद्ध शिक्षक र पालिका मातहतका कर्मचारीहरुलाई पार्टी क्रियाशील सदस्यता नवीकरण नगर्न सार्वजनिक रुपमै निर्देशन दिएका हुन् । अहिले नेपाली कांग्रेसको क्रियाशील सदस्य धमाधम नवीकरण भइरहेको छ । अध्यक्ष राईले शिक्षा सम्बन्धीका प्रचलित ऐन, कानुनहरुको स्मरण गराउँदै सामाजिक सञ्जालमार्फत त्यस्तो निर्देशन दिएका हुन् ।

उनले प्रचलित कानुनविपरित पार्टीमा लाग्ने शिक्षक तथा पालिकाका कर्मचारीहरुलाई कारवाही गर्नेसम्मको चेतावनीसहित सामाजिक संजालमा लेखेका छन् - 'शिक्षा ऐन, २०२८ (संशोधन सहित) १६ ङ को उपदफा (५)को खण्ड (छ) शिक्षक वा कर्मचारीले राजनीतिक दलको कार्य कारिणी समितिको सदस्य रहेमा पद मुक्त गरिने र राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) को खण्ड (ग) अनुसार शिक्षक वा कर्मचारीहरुले कुनै पनि दलको सदस्यता लिन नपाउने प्रावधान रहेको र अहिले नेपाली कांग्रेसको क्रियाशील सदस्यता धमाधम नवीकरण भइरहेको हुँदा कमल गाउँपालिकाका शिक्षक वा कर्मचारीहरुले सदस्यता नवीकरण गरेको पाईएमा कारवाही गरिनेछ ।'

# तेस्रो मुलुकका नागरिकका लागि हट्यो भारतीय अवरोध

मेचीनगर(प्रस) । । तेस्रो मुलुकका नागरिकका लागि लामो समयसम्म अवरुद्ध रहेको काँकरभिट्टा नाका सहज भएको छ ।

कोभिडपछि भारतीय अध्यागमन कार्यालयले तेस्रो मुलुकका सम्पूर्ण नागरिकहरुलाई भिसा दिन बन्द गरेको थियो । नाका सहज भएसँगै तेस्रो मुलुकका पर्यटकले काँकरभिट्टा नाका प्रयोग गर्न थालेको सरकारी अधिकारीहरुले जनाएका छन् ।कोरोना भाइरसको कारण देखाएर पूर्वीनाका हुँदै पैदलमार्ग भएर नेपाल घुम्न आउने पर्यटकलाई भारतले प्रवेशाज्ञा नदिँदा त्यसको असर सोझै नेपाली पर्यटन क्षेत्रमा परेको थियो ।

१ अगष्टदेखि भारतीय पक्षले नाका खुलाएको अध्यागमन कार्यालय काँकरभिट्टाले जनाएको छ । 'हामीलाई टेलिफोनमार्फत तेस्रो मुलुकका नागरिकका लागि पनि नाका खुलेको भारतीय पक्षले जानकारी गराएको छ' अध्यागमन कार्यालय काँकरभिटटाका कार्यालय प्रमुख मोहन पनेरुले भने ,'तर, खासै पर्यटक आएका छैनन् , सायद जानकारी पनि नभएर होला ।' नाका खुलेयता बंगलादेशका दुई, बेलायतका एक, अमेरिकाका तीन, स्वीजरल्याण्डका चार, भुटानका १७ जना पर्यटक नेपाल प्रवेश गरेको कार्यालयले जनाएको छ ।

यसैगरी सोही अवधिमा नर्वेका नागरिक दुई, जापानीज एक, स्वीजरल्याण्डका एक, बेलायतका एक, भुटानका २३,




बंगलादेश एकजना नागरिक काँकरभिट्टा नाका भएर बाहिरिएका छन् । नेपाल प्रवेशको सुदूरपूर्वको नाका काँकरभिट्टासँग सोझै जोडिएको भारतको पश्चिम बंगाल राज्यको पानीट्याँकीमा रहेको अध्यागमन 'चेकपोष्ट' रानीगञ्जले नेपाली विद्यार्थी तथा भुटानीबाहेक तेस्रो मुलुकबाट नेपाली घुम्न आउने पर्यटकलाई प्रवेशाज्ञा नदिएका कारण पूर्वीनाकाबाट नेपाल घुम्न आउने पर्यटकको चहलपहल खासै थिएन ।

यस विषयमा नेपाल तथा भारततर्फका अधिकारीहरुबीच औपचारिक तथा अनौपचारिकरुपमा पटक पटक छलफल भएपनि सुरक्षाको कारण देखाएर भारतीय अध्यागमन कार्यालयले प्रवेशाज्ञा दिएको थिएन । लामो छलफलपछि भारतीय पक्षले नाका खुलाएको पर्यटन व्यवसायीहरुको भनाई छ ।

तात्कालीन नागरिक उड्डयन तथा पर्यटन मन्त्री सुदन किराँतीलाई भेटेर नाट्टाले यो समस्याका बारेमा जानकारी गराएको निवर्तमान अध्यक्ष श्रेष्ठको भनाई छ ।

प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा समेत यो विषयमा छलफल भएपनि समस्याको समाधान हुन सकेको थिएन । दार्जिलिङका सांसद तथा भारतीय जनता पार्टीका युवा नेता राजु विष्टलाई समेत भेटेर पटकपटक यस विषयमा जानकारी गराउँदासम्म समस्याको समाधान नभएको पर्यटन निवर्तमान अध्यक्ष श्रेष्ठले बताए ।

पूर्वीनाका भएर नेपाल घुम्न आउने तेस्रो मुलुकका पर्यटकहरुको आवतजावत ठप्प हुँदा कोशी प्रदेशको पर्यटन क्षेत्रमा ठूलो क्षति पुगेको नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) कोशी प्रदेशका अध्यक्ष पुण्यप्रसाद भट्टराईको भनाई छ ।



# वन दिवसको अवसरमा वक्तृत्वकला प्रतियोगिता



भद्रपुर(प्रस) । राष्ट्रिय वन दिवस २०८१ को अवसर पारेर सामुदायिक वन स्थानीय भद्रपुर नगर महासंघले विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।
'आजको सन्दर्भमा सामुदायिक वन' शीर्षकमा नगर क्षेत्रका माध्यमिक तहका विद्यार्थीबीच वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो ।
९ वटा विद्यालयका विद्यार्थीले भाग लिएको प्रतियोगितामा भद्रपुर ३ स्थित अरनिको माविकी छात्रा प्रतिभा सुवेदी प्रथम, भद्रपुर २ स्थित सरस्वती माविकी छात्रा मञ्जिला वि.क. द्वितीय, भद्रपुर ७ स्थित एमरेल्ड माविकी छात्रा आर्जु गिरी तृतीय र भद्रपुर २ स्थित होलील्याण्ड माविकी छात्रा अनुषा अधिकारी तथा भद्रपुर ९ स्थित पुहाँतु जनज्योति माविकी छात्रा दिपिका ढकालले सान्त्वना स्थान प्राप्त गरेका छन् ।
महासंघका नगर अध्यक्ष जीवन बास्तोलाको अध्यक्षता तथा भद्रपुर ४ का वडाध्यक्ष हंशधर राजवंशीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा सव वन डिभिजन रङ्गेडाँडाका प्रमुख राजु खड्का, भद्रपुर नगरपालिका वन तथा वातावरण शाखा प्रमुख नेत्रप्रसाद पोखरेल, वन महासंघ कोशी प्रदेश न्यायिक समिति सदस्य घनश्याम खनाललगायतले मन्तव्य राख्दै वन तथा वातावरण संरक्षणका बारेमा विद्यालय तहमै प्रष्ट विचार दिन सक्ने शिक्षा आजको आवश्यकता रहेको बताएका थिए ।
महासंघकी कोषाध्यक्ष मञ्जु खतिवडाले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा विजेता विद्यार्थीहरूलाई नगदसहित पुरस्कृत गरिएको थियो ।

# सडक डिभिजन दमकद्वारा ३३ किमी सडक कालोपत्र



झापा(प्रस) । सडक डिभिजन दमकले गत आर्थिक वर्षमा ३३ किलोमिटर सडक कालोपत्र गरेको छ । सडक डिभिजनले ३७ किमी सडक कालोपत्र गर्ने लक्ष्य राखेको थियो । सडक डिभिजन दमकका सूचना अधिकारी इन्जिनियर गौतमकुमार देवका अनुसार गत आवमा दुईवटा मोटरेबल पुल निर्माणको काम सम्पन्न भएको छ । "राजमार्गका १४ किलोमिटर सडक आवधिक मर्मत र पाँच किमी राजमार्ग पुनःनिर्माण तथा स्तरोन्नति भएको छ", उनले भने । सडक डिभिजन दमकका अनुसार जिल्लामा निर्वाचन क्षेत्र रणनीतिक सडकका लागि विनियोजित रु २२ करोड ८५ लाख ५८ हजारमध्ये सबै अर्थात् शतप्रतिशत खर्च भएको छ । दमक-चिसापानी सडकका लागि विनियोजित रु छ करोडमध्ये रु दुई करोड ५० लाखमात्र खर्च भएको छ । यसैगरी राजमार्ग स्तरोन्नति तथा पुनःस्थापना कार्यक्रमका लागि विनियोजित रु ११ करोड ५५ लाख ५५ हजारमध्ये रु नौ करोड ७५ लाख ६६ हजार खर्च भएको छ । त्यस्तै स्थानीय सडक पुल निर्माण शीर्षकको बजेट खर्च प्रतिशत ९८ दशमलव ४८ प्रतिशत, रणनीतिक सडक पुल निर्माण तथा पुलपुलेसा संरक्षण शीर्षकको बजेट खर्च प्रतिशत ८९ दशमलव ९० प्रतिशत र सडक बोर्डको बजेटको ९० दशमलव ९९ प्रतिशत खर्च भएको छ । सूचना अधिकारी देवका अनुसार गत अवमा पुँजीगततर्फ कुल विनियोजित बजेटको ८९ दशमलव ६२ प्रतिशत खर्च भएको छ । आर्थिक वर्ष २०७९र८० मा समग्र बजेटको ७४ दशमलव ५४ प्रतिशत खर्च भएको थियो ।

# लागूऔषधसहित घोडामाराका दुई व्यक्ति पक्राउ



झापा(प्रस) । भारतबाट लागूऔषध भित्र्याउने दुईजना पक्राउ परेका छन् ।सोमवार दिउँसो ४.४५ बजे भद्रपुर नगरपालिका वडा न.९ निन्दा खोलाको पुलमा प्रहरी चौकी घोडामारा र प्रहरी चौकी ज्यामिरगढीबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका भद्रपुर नगरपालिका वडा न.९ घोडामारा बस्ने ४६ वर्षीय अरेन्जय राजवंशी र सोही ठाउँ बस्ने २५ वर्षीय कृष्ण राईलाई लागूऔषधसहित पक्राउ गरेको हो ।शंका लागेर रोकी चेकजाँच गर्दा अरेन्जय राजवंशीको साथबाट प्लाष्टिकसहित ५ ग्राम ३६० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । दुवै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय झापामा राखी थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# एनआइसीले लिलामी गरेको घर अभियानद्वारा कब्जा



बिर्तामोड(प्रस) । एनआइसी एसिया बैंकले लिलामी गरेको बिर्तामोडको एक घरमा दुर्गा प्रसाई नेतृत्वको राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ महाअभियानले कब्जा गरेको भन्दै व्यानर टाँगेको छ । बिर्तामोड ५ स्थित शाक्य मेडिकलको सय मिटर उत्तरमा रहेको गिरीधारी पोद्धारको घर एनआइसी एसिया बैंकले लिलामी गरेको थियो । ३३ धुर जग्गामा बनेको अढाई तले घर बैंकमा राखेर पोद्धारले ८ करोड २५ लाख रुपैयाँ ऋण लिएका थिए । सो ऋण नतिरेपछि भर्खरै बैंकले लिलामी गरेको हो । अभियानका ऋण एसोसिएसन केन्द्रीय सचिवालयका संयोजक देवीप्रसाद संग्रौलाको अगुवाईमा गएको समूहले नारा जुलुससहित अभियानको व्यानर टाँगेको छ । केही दिनभित्र बिर्तामोडका करिव १५ वटा घर लिलामी हुन लागेको र ती घरहरु आफूले कब्जा गर्ने संग्रौलाले चेतावनी दिएका छन् ।

# बैंकक जाने अर्जुनधाराका खेलाडीलाई विदाई

अर्जुनधारा(प्रस)। थाइल्यान्डको बैंककमा हुने सातौँ हिरोज अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसीपमा सहभागी हुन जाने झापा अर्जुनधाराका खेलाडीहरुलाई विदाई गरिएको छ ।
अर्जुनधारा नगर खेलकुद विकास समितिको आयोजनामा अर्जुनधारा नगरपालिकामा आयोजित एक कार्यक्रमका बिच खेलाडीहरुलाई विदाई गरिएको हो ।
कार्यक्रममा अर्जुनधाराबाट सहभागी हुने चारजना खेलाडी र एकजना प्रशिक्षकलाई विदाई गरिएको हो । विदाई हुने खेलाडीहरुमा विवेक गिरी, सम्यात थापा, शैलेश तामाङ र प्रिजन नेम्वाङ रहेका छन् । प्रशिक्षकमा दिपेन्द्र दनुवार छन् । थापा, तामाङ र नेम्वाङले च्याम्पियनसीपमा प्रतिस्पर्धा गर्नेछन् भने विवेक गिरीले पुम्से प्रदर्शन गर्ने छन् । थापाले ५६ केजी माथिको तौल समूहमा प्रतिस्पर्धा गर्दा तामाङले (५१-५५)



र नेम्वाङ्ले (२९-३२) केजी तौल समूहमा प्रतिस्पर्धा गर्ने प्रशिक्षक दनुवारले जानकारी दिए । दनुवारका अनुसार खेलाडीहरु शनिश्चरे तेक्वान्दो डोजाङका उत्पादन हुन् ।
उनीहरुले च्याम्पियनसीपमा नेपाली टोलीको प्रतिनिधित्व गर्नेछन् । जसका लागि झापा जिल्लाबाट अर्जुनधाराका ४ खेलाडी र एक प्रशिक्षक मात्रै सहभागी बन्दै छन् । नेपालबाट जम्मा ५१ जना खेलाडी बैंकक जानेछन् । बैंककको सुवर्णभूमि क्याम्पसमा अगस्ट १० देखि १२ तारिखसम्म प्रतियोगिता हुनेछ ।

अर्जुनधारा नगर खेलकुद विकास समितिका अध्यक्ष सुरेन्द्र धिमालको अध्यक्षतामा भएको कार्यक्रममा विदाई भएको टोलीलाई नगर खेलकुद विकास समितिको तर्फबाट नगद २५ हजार प्रदान गरिएको थियो । त्यस्तै पाँचै जनालाई एक-एक थान ट्र्याकसुटसमेत वितरण गरिएको थियो ।
खेलाडी टोलीलाई नगर खेलकुद विकास समितिका अध्यक्ष धिमाल, अर्जुनधाराका नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङ, प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमाल , वडा अध्यक्ष खगेन्द्र इङनाम, समितिका सल्लाहकार बिरबहादुर राईले खादा अबिर लगाइदिएर विदाई गरेका थिए ।

त्यस्तै नगर खेलकुद विकास समितिका सदस्यसचिव खगेन्द्र लिङ्देन, सदस्यहरु सुरेन राई, हेमलाल परियार, निशा तामाङ, तिलक योञ्जन , बिराज सुवेदीलगायतले खेलाडीहरुलाई शुभकामना दिएका थिए ।

# आधाभन्दा बढी हतियार नवीकरण भएनन्

झापा(प्रस) । झापामा दर्ता रहेका आधाभन्दा बढी हातहतियार नवीकरण नभएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । जिल्लामा हालसम्म साना ठुला गरी कुल ८५७ जनाले हतियार राखेको विवरण देखिएको छ । तर नियमित नवीकरणका लागि भने हालसम्म ३१३ जना मात्रै जिल्ला प्रशासन कार्यालयमा आएका छन् । बाँकीले भने हालसम्म पनि हतियार नवीकरण नगरेको पाइएको जिल्ला प्रशासन



कार्यालय झापाका सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालले बताए ।
यसरी हतियार राखेर नवीकरण नगरेमा दोब्बर दस्तुर लिएर त्योभन्दा पनि बढी रकम विलम्ब शुल्क बुझाएर नवीकरण गर्न पाइने कानुनी प्रावधान रहेको छ । झापामा आफ्नो सुरक्षा संवेदनशीलता देखाएर हतियार राख्नका लागि निवेदन परेको खण्डमा हातहतियार बन्दुक राख्न दिने कानुनी प्रावधान रहेको छ । तर घरमा हतियार राख्ने नागरिकले समयमा आफ्नो हतियारको बारेमा जानकारी गराई समयमै कर तिर्नुपर्ने भए पनि झापामा यसो नगरिएको पाइएको हो । यसअघि हतियार द्वन्द्वकालमा खोसिएको तथा नष्ट भएको भएपनि सोका बारेमा नागरिकले जिल्ला प्रशासन कार्यालयमा जानकारीसम्म नगराएको हुनाले जिल्ला प्रशासनको रेकर्डमा उक्त हतियार सम्बन्धित नागरिकसँगै रहेको तथ्याङ्क रहेको पाइएको सूचना अधिकारी नेपालले बताए ।

# दुई हजारभन्दा बढीमा डेंगु पुष्टि ,एकको मृत्यु

झापा(प्रस) । डेंगु सङ्क्रमणबाट एक जना सङ्क्रमितको मृत्यु भएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण केन्द्रअन्तर्गतका किटजन्य शाखाका प्रमुख डा. गोकर्ण दाहालले एक जना डेंगु सङ्क्रमितको मृत्यु भएको जानकारी दिए । उनका अनुसार हालसम्म ७३ जिल्लाबाट दुई हजार ३६५ जनामा डेंगु पुष्टि भएको छ ।
इडिसिडीको तथ्याङ्कअनुसार कर्णाली प्रदेशका मुस्ताङ, डोल्पा, हुम्ला, जुम्ला गरी चार जिल्लामा डेंगु पुष्टि भएको छैन । डेंगु सङ्क्रमण सबैभन्दा बढी बागमती र कोशी प्रदेशमा पुष्टि भएको छ । बागमतीमा प्रदेशमा ७४७, कोशी प्रदेशमा ५३७ जनामा डेंगु पुष्टि भएको छ ।
त्यसैगरी, गण्डकी प्रदेशमा ५०८, लुम्बिनी प्रदेशमा २४७, सुदूरपश्चिममा २४२, मधेस प्रदेशमा ४६ र कर्णाली प्रदेशमा ३८ जनामा डेंगु पुष्टि भएको डा. दाहालले जानकारी दिए । जिल्लाअन्तर्गत काठमाडौँ र झापामा सबैभन्दा बढी डेंगु पुष्टि भएको छ । काठमाडौँमा २८७,कास्कीमा १३७, झापामा १३३,चितवनमा११६,तनहुँमा११० जनामा डेंगु पुष्टि भएको देखिएको छ । चिकित्सकका अनुसार डेंगु हुनबाट बच्न एक मात्र उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्ने हो ।
उच्च ज्वरो आउने, शरीरका जोर्नी र मांसपेशीहरू दुख्ने, आँखाको गेडी दुख्ने, टाउको दुख्नु, शरीरमा राता बिमिराहरू आउनु, वाकवाकी लाग्नु वा वान्ता हुने यसको प्रमुख लक्षण हुन् । लामखुट्टेको टोकाइबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाउने, धूप बाल्ने, मलम लगाउन डा.दाहालको सुझाव छ ।कर्णाली प्रदेशका मुस्ताङ, डोल्पा, हुम्ला, जुम्ला गरी चार जिल्लामा डेंगु पुष्टि भएको छैन ।

दाहाल भन्छन्, "लामखुट्टे नियन्त्रण गर्न लामखुट्टेले फुल पार्न सक्ने सम्भावित घर, विद्यालय, कार्यालय वरपरका पानी जम्ने सबै ठाउँहरू सफा गर्ने, पानी राख्ने भाँडाहरू बेला-बेलामा सफा गर्ने र लामखुट्टेको फुल नष्ट गर्नुपर्छ ।'

# बंगलादेशी नागरिकलाई फिर्ता पठाइयो

झापा(प्रस) । विराटनगरको रानी नाका हुँदै नेपाल प्रवेश गर्न खोज्ने एक जना बंगलादेशी नागरिकलाई मंगलबार दिउँसो फिर्ता पठाइएको छ।
भारतको जोगवनी हुँदै नेपाल प्रवेश गर्न खोज्ने बंगलादेश टाङगाई पुराबरीका ४६ वर्षीय उत्तम सरकारलाई प्रहरीले दिउँसो १:१५ बजेतिर फिर्ता पठाएको हो। मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार सरकार भारतीय नागरिकको समूहमा मिसिएर अनधिकृतरूपमा नेपाल प्रवेश गर्न खोजेका थिए। उनका अनुसार इलाका प्रहरी कार्यालय रानीका इन्सपेक्टर प्रकाश थापा नेतृत्वको टोलीले विराटनगर महानगरपालिका-१५ स्थित १ नम्बर ढाटबाट भारततर्फ नै फिर्ता पठाएको हो।
नाकामा चेकजाँच गर्ने क्रममा सरकारको साथबाट बंगलादेशको नागरिक रहेको परिचयपत्र भेटिएको मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्कीले बताए। उनका अनुसार रानी नाका हुँदै बंगलादेशी नागरिक नेपाल प्रवेश गर्न खोजेको पहिलो घटना हो। 'बंगलादेशी नागरिक नेपाल प्रवेश गर्ने सम्भावनालाई मध्यनजर गर्दै नेपाल-भारत सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ। तालुक कार्यालयबाट पनि कडाइ गर्न निर्देशन भएको छ,' एसपी कार्कीले भने, 'गैरनागरिक नेपाल प्रवेश गर्न नपाउन् भनेर सीमामा कडाइ गरिएको छ। नेपाल र सशस्त्र प्रहरीसमेतका सुरक्षा निकायबीच समन्वय गरेर चेकजाँच तीव्र पारिएको छ।' उनका अनुसार जोगवनी हुँदै नेपाल प्रवेश गर्ने प्रत्येक व्यक्तिलाई कडाइका साथ चेकजाँच गर्ने गरिएको छ।

बंगलादेशमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमसँगै नेपाल-भारत सीमा क्षेत्रमा कडाइ गर्न केन्द्रीय सुरक्षा समितिको बैठकले निर्देशन दिएको थियो। निर्देशनसँगै कडाइ गर्नका लागि नाकामा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ।

## विपद्बाट...

विपद्बाट...

व्यवस्थापन समितिले समन्वय गरी तत्काल सुरक्षित आश्रयस्थलमा सार्न, जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गर्न विपद्सम्बन्धी काम गर्ने साझेदार संस्थालाई जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वयमा रहन सूचित गराएको छ ।प्राधिकरणले उच्च जोखिमका जिल्लामा जुनसुकै बेला विपद् आउनसक्ने हुनाले खोज तथा उद्धारका लागि ती जिल्लाहरुका तीनवटै सुरक्षा निकायलाई तयारी अवस्थामा रहने, भारी वर्षाको अवधिभरि अत्यन्त जरुरी अवस्थामा बाहेक यात्रा नगर्न, नदी किनार र पहिरोको जोखिममा बसेका बासिन्दालाई चनाखो रहन आग्रह गरेको छ ।




जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# नेपाललाई शिक्षा

दुई वर्षअघि श्रीलंकाका तत्कालीन राष्ट्रपति गोताबाय राजापाक्षेले देश छाडेजस्तै गरी प्रधानमन्त्री शेख हसिना राजीनामा गरेर लन्डन पुगेकी छन्। बंगलादेशमा केही समययता भइरहेको विद्यार्थी विरोधको उत्कर्षका रूपमा यो स्थिति आएको हो।

आन्दोलनकारी पक्षले विजयोत्सव मनाउँदै विभिन्न ठाउँमा लुटपाट मच्चाएको छ। प्रधानमन्त्रीदेखि गृहमन्त्री हुँदै प्रहरी अधिकारीसम्मका निवासमा तोडफोड र आगजनी गरिएको छ। यहाँसम्मकी शेख हसिनाकाका पिता एवं मुक्ति संग्रामका नेता शेख मुजिबुर रहमानको सालिकसमेत तोडफोड भएको छ। समयमै आन्दोलनका मागलाई सम्बोधन नगरेका कारण आज प्रधानमन्त्रीले पद छाड्नु मात्र परेको छैन, मुक्ति संग्रामले समेत बदनाम हुनुपर्ने अवस्था आएको छ। विगतको गौरव कायम राख्न स्वाभाविक रूपमा त्यसबाट आम देशवासीले लाभान्वित हुने अवसर पाउनुपर्छ। अन्यथा, परिणाम योभन्दा भिन्न हुँदैन। त्यसमा पनि बंगलादेशमा जहिल्यै विपक्षीलाई दमन गर्दै शासन गरेका कारण यस्तो अवस्था आएको हो। जतिसुकै ठूलो विजय हासिल गरे पनि तानाशाही व्यवस्था धेरै लामो चल्न सक्दैन। अन्ततः जनताले चाहेकै परिणाम आउँछ।

हसिनाको कार्यकालमा मुलुकले आर्थिक उन्नति गरेको देखाए पनि स्वतन्त्रता अभावमा कुनै पनि बेला विस्फोट हुन सक्छ भन्ने यो गतिलो उदाहरण हो। असन्तुष्ट जनता जहिल्यै खतरनाक हुन्छन्। त्यसैले लोकतन्त्र भनेर मात्र पुग्दैन, लोकतन्त्रलाई सर्वसाधारणले आत्मसात गर्न पाउनुपर्छ। शासनसत्तामा पुग्ने नेताले आफ्नो तुष्टि होइन, सर्वसाधारणको सन्तुष्टिमा ध्यान दिन सक्नुपर्छ। नेता सधैं अतीतजीवी भयो र अतीतकै ब्याज खान खोज्यो भने स्वाभाविक रूपमा त्यसले वर्तमानमा दुष्परिणाम ल्याउँछ। समयको एउटा कालखण्डमा गरिएको योगदान वर्तमानमा जोडिनु र त्यसले सबैलाई लाभान्वित गराउन सक्नुपर्छ। हिजोको योगदानका निम्ति निरन्तर दोहन उचित हुँदैन। अन्यथा, बंगलादेशमा आज देखिएको जस्तो स्थिति जुनसुकै देशमा देखिन सक्छ।

श्रीलंकाले त्यो भोगिसकेको छ। बहालवाला राष्ट्रपति भाग्नुपर्ने अवस्था त्यतिकै आउँदैन। दुई वर्षअघि उनी अहिले हसिनाजस्तै भागेर माल्दिभ्समा शरणका निम्ति पुग्नुपरेको दृश्य धेरैका आँखामा छ। देश र जनताका निम्ति मरिमेट्ने नेता हृदयमा बस्न सक्छन्, तिनलाई रुष्ट बनाउनेले भाग्नुको विकल्प हुँदैन। लोकतन्त्र भनेको प्रतिस्पर्धात्मक व्यवस्था हुनुपर्छ। क्षमताअनुसारको अवसर पाउनुभन्दा पनि आफ्नै आसेपासेलाई सहज बनाउने गरी शासन सञ्चालन गरिन्छ भने पतन अवश्यम्भावी छ।




# गरिबीमाथि विपतको मार



• नेत्र सुवेदी 'प्रयास'

सन् २०२४ को मनसुन प्रारम्भ भएपश्चात् जुलाई १७ सम्ममा ज्यान नै लिने खालका ३८ वटा घातक पहिरो गएका र १३५ जनाको मृत्यु भयो । कतिपय पूर्वाधार र कृषि तथा पशुजन्य उत्पादनमा क्षति पुगेको छ । यो वर्षको मनसुन अक्टोबरको सुरुवातसम्म रहने भनिएको हुँदा अझ पनि पहिरो जाने र त्यसबाट प्रभावित हुने सम्भावना बाँकी नै छ । जोखिमयुक्त स्थानमा भारी वर्षा हुनासाथ मानिसहरू आफू बसोबास गरेको स्थानबाट सुरक्षित र फराकिलो स्थानमा शरण लिन जानुपर्ने बाध्यता छ ।

पहिरो जानुमा भूकम्प, वन फँडानी जस्ता कारणले जमिनमुनि रहेको चट्टानको अवस्थामा परिवर्तन आई भूसंरचना नै कमजोर हुन जानु वा जमिनको वहन क्षमता र भूगर्भको पर्याप्त अध्ययनबिना नै पूर्वाधार बन्नु जस्ता कारण रहेको देखिन्छ । यति मात्र होइन, पहिरोका कारण र प्रभाव सम्बन्धमा अनभिज्ञ रहेका स्थानीय बासिन्दा र वातावरणीय ह्रासप्रति अनदेखा प्रकट गर्ने निर्णय निर्माताको पनि कम भूमिका हुँदैन पहिरोजन्य विपत् हुनुमा । पछिल्ला वर्षमा खास गरी बादल फुट्न गई हुने भारी वर्षाका कारणले मनसुनको समयमा पहिरो जाने गरेको छ । यति मात्र होइन, माटो वा चट्टानको उत्खनन् हुनु र भूकम्प जानु पनि पहिरोजन्य विपत्का लागि सहयोगी बनेको देखिन्छ ।

अध्ययनले देखाएअनुसार भूकम्पपश्चात् खुकुलो भएको भूगर्भका कारण पनि पहिरोजन्य विपत्का घटना बढ्ने सम्भावना बढेर जान्छ । वर्षाको मात्रामा आएको अन्तर, असमान र विविध भूगोल, साबिकमा रहेका जङ्गल र हरियालीको नाश हुनु जस्ता कारणले पहिरो आउने क्रम बढेको छ । इसिमोडले गरेको अध्ययनको निष्कर्षमा के भेटियो भने दलित समुदाय पहिरोले ज्यादा प्रभावित हुनेमा पर्छन् । जग्गा र अन्य स्रोतमा सीमित पहुँच रहेकै कारण उनीहरू पहिरोको असरमा पर्ने सम्भावना बढी हुन्छ । त्यसै गरी अक्सफाम र युएनडिपीले निकालेको निष्कर्षले समेत जातीय विभेदका कारण नेपालका सीमान्तकृत समुदायमा पहिरोको असर बढाएको देखाएको छ ।

पहाडी भूभागमा निर्माण भइरहेका पक्की वा कच्ची सडकका कारण पानीको निकास व्यवस्थापन बिथोलिन गएको छ । पानी परेका बेला भेलले जम्मा गर्ने ठोस चिजको बहाव अर्थात् डेब्रिजले गर्दा खोला थुनिने र वेगका साथ वहन पुगी जलविद्युत्का संरचना, पुल, सडकलगायत मानव बस्तीमा समेत ठूलो क्षति पुग्ने गरेको छ । पहिरोका कारण ज्यान गुमाउनेको विवरण विश्लेषण गर्दा अधिकांश व्यक्ति दलित र विपन्न वर्गका रहेको पाइन्छ । अर्थात् भनौं दुःखी नेपालीको बस्तीमा पहिरोले पीर थपेको छ ।

**पहिरोको बढ्दो प्रवृत्ति**

दी जर्नल अफ इन्भाइरोमेन्ट एन्ड अर्थ साइन्समा प्रकाशित केसी, शर्मा र दाहालसमेतले गरेको अध्ययनमा सन् २०११ देखि सन् २०२० सम्म गएका पहिरोको भौगोलिक वितरण र घटित भएको समयरेखाको अध्ययन गरिएको थियो । जसमा नेपालमा पहिरो जाने क्रम अर्थात् प्रतिएक हजार वर्गकिलोमिटरमा जाने पहिरोको संख्या जसलाई पहिरोको घनत्व पनि भन्ने गरिन्छ, यसको मान सन् २०११ मा ०.८५ रहेकोमा सन् २०२० मा बढेर ३.३४ पुगेको छ । अध्ययनले के पनि देखाएको छ भने सन् २०१५ मा गएको विनाशकारी भूकम्पपश्चात् पहिरोको घनत्व झन् बढेर गएको छ । हुन त जलवायु परिवर्तनको परिणामस्वरूप वर्षाको प्रवृत्तिमा हेरफेर भएको र खासगरी वर्षा भएका बखत त्यसको सघनता बढेको देखिन्छ । खास गरी पहाडी भूभागमा इन्जिनियरिङ अध्ययनबिना मापदण्डविपरीत बनेका बग्रेल्ती सडक पनि पहिरो जस्ता विपत्जन्य घटना बढाउने कारण भएका छन् ।

**विपत् र गरिबी**

गरिबी र विपत्जन्य घटनाबिच दोहोरो सम्बन्ध देखिन्छ । अर्थात् गरिबीले विपत्को असरलाई बढाउँछ भने विपत्जन्य घटनाबाट कुनै पनि सीमान्तकृत परिवारको गरिबी थप बढेर जान्छ ।

विसं २०७१ अर्थात् सन् २०१५ मा गएको भूकम्पपश्चात्को अवस्थामा नेपालको कुल जनसंख्याको स्थान हेरी २.५ प्रतिशत देखि ३.५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि पुग्न बाध्य भएको विश्लेषण सार्वजनिक भएको थियो । अन्य सानातिना विपत्का घटना विश्लेषण गरेर प्रतिवेदन त आउँदैन तापनि ती घटनाले घरपरिवारको आर्थिक, सामाजिक जगलाई भने नराम्ररी हल्लाएको हुन्छ । नेपालको सन्दर्भमा अधिकांश गरिब घरपरिवारको गुजारा कृषिजन्य कार्यबाटै हुने गर्छ । जब बाढीपहिरो, खडेरी जस्ता विपत् आइपर्छन् तब वर्षभरि खानुपर्ने बालीनाली क्षणभरमै सत्यनाश हुन्छ ।

सन् २०११ मा जेनेभामा भएको विपत् जोखिम न्यूनीकरणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा केयर इन्टरनेशनलका महासचिव रोबर्ट ग्लासरले आफ्नो अभिव्यक्तिमा भनेको कुरा हृदयस्पर्शी छन् । उहाँका अनुसार गरिब घरपरिवार विपत्मा पर्दा उनीहरूले गुजाराका लागि अक्सर प्रयोग गर्ने सम्पत्ति वा आधार गुमाउन पुग्छन् । यति मात्र पनि होइन, उनीहरूसँग रहेको सीमित स्रोत, शिक्षा तथा स्वास्थ्यमा रहने कमजोर पहुँचका कारण पटक पटक विपत्मा पर्ने जोखिम बढी हुन्छ । कतिपय विपत्जन्य घटना हुनुमा मानिससँग जोडिएका कारण हुने बताइएको छ । भूकम्प आउनुमा मानिस प्रत्यक्ष जिम्मेवार हुँदैन तर भूकम्प आउने क्रममा के गर्न हुने के गर्न नहुने भनेर अलमलिने त मानिस नै हो । त्यस्तै विभिन्न संरचना बनाउने तथा थरिथरिका सामान थुपार्ने पनि मानिस नै हो । यसो गर्दा जोखिम बढ्ने पनि मानिसलाई नै हो । विपत्को बढ्दो प्रभावका लागि मानव स्वयम् जिम्मेवार हुने भनेर विपत् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्रसंघीय कार्यालयले नै स्वीकार गरेको छ । खासगरी जङ्गल जथाभावी फडानी गर्ने, अव्यवस्थित सहरीकरण र अपर्याप्त तथा न्यून गुणस्तरको पूर्वाधार जस्ता मानवीय क्रियाकलाप सम्बद्ध कारणले बाढीपहिरो, भूकम्प जस्ता विपत् जन्य घटनाको असर ज्यादा हुने गरेको छिपेको छैन ।

**विपत्को अर्थसामाजिक आयाम**

प्राकृतिक विपत् र गरिबीबिचको सम्बन्ध विषयक खोजमूलक आलेखमा पिआर अवस्थीले नेपालमा केही वर्षका बिचमा भएका विपत्का घटनामा आधारित विश्लेषणबाट निकालेको निष्कर्ष अनुसार घरपरिवारको आम्दानीको अवस्था कमजोर हुनेबित्तिकै सम्भावित विपत्जन्य जोखिमसँग मुकाबिला गर्ने क्षमता कम हुन्छ । फलस्वरूप विपत्ले ल्याउने असर गहिरो हुने गर्छ र गरिबीको गहिराइ झनै बढ्छ । विश्व बैङ्कले गरेको एक अध्ययन अनुसार गरिब घरपरिवार अक्सर अप्ठेरो जग्गामा बसोबास गरेका र प्रयोगमा रहेका घर पनि कमजोर अवस्थामा रहेका हुन्छन् । गरिबले खाने खानामा पोषणको अवस्था कमजोर हुने, आधारभूत आवश्यकताका वस्तुको उपलब्धता न्यून हुने हुँदा विपत्जन्य घटनासँग जुध्ने क्षमता सीमित हुन्छ । विपत्जन्य घटनाको असर धनी र गरिबमा फरक अनुपातमा पर्ने गरेको छ ।

गरिबीको रेखाभन्दा थोरै माथि भएका पनि विपत्पश्चात् पुनः गरिबीको चक्रमा पर्न बाध्य हुन्छन् । त्यसो त गरिबसँग स्रोतसाधन नै सीमित हुने र जसबाट सुरक्षित घरबास, सफा पिउने पानी र स्वास्थ्य सुरक्षाको अवस्था नै कमजोर हुनाले विपत्का बखत लड्ने क्षमता कम हुन्छ । त्यस्तै जरुरी हुँदा सहयोग पाउने सम्भावना पनि कमै हुन्छ । सरकारले लागु गरेका बिमाको स्किमले यस्ता घटनालाई पूर्ण रूपमा सम्बोधन नगर्ने हुँदा विपत्का घटनापश्चात् वित्तीय रूपमा उनीहरू निकै कमजोर हुन पुग्छन् । घटनापश्चात् सुरक्षित स्थानमा जानका लागि पनि एक त आफूसँग भएका सामान लिएर यातायातसम्मको पहुँच नहुन सक्छ भने अर्कोतिर झट्ट सहारा दिने व्यक्ति वा संस्थाको पनि अभाव हुन सक्छ । भएको जीविकाको स्रोत आंशिक वा पूर्ण रूपमा नष्ट भएपछि गरिब झन् गरिब हुन्छन् । यसबाट स्थानीय अर्थतन्त्र थप कमजोर हुने र समुदायको समुत्थान क्षमता पनि कमजोर भएर जान्छ ।

विपत् आफैंमा प्राकृतिक हो र यो अवश्यम्भावी हो भन्ने विषयलाई खण्डन गर्न आवश्यक छ । किनकि सबै जसो विपत्को असर कम वा बढी हुनुमा मानवीय भूमिका हुन्छ । विपत् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्रसंघीय कार्यालयका अनुसार मानवीय क्रियाकलाप संलग्न हुने वन फडानी र जथाभाबी विकास निर्माण पनि विपत् घटना बढाउने कारण हुन् । अव्यवस्थित सहरीकरण, अपर्याप्त पूर्वाधारका कारण बाढी, आँधी, पहिरो, भूकम्पबाट हुने नोक्सानी अधिक हुन जान्छ । खोलाको प्रभाव क्षेत्रमा घर बनाउनु, पहाडी पाखामा डोजर प्रयोग गरेर सडक बनाउनु, पानी बग्ने निकास रोक्नु जस्ता क्रियाकलाप केही समयको अन्तरालमा घातक हुन पुग्छन् । त्यसो त विपत्ले सबै समुदायलाई समान ढङ्गले असर गर्ने हुँदैन । सामाजिक जोखिमका रहेका गरिबी, असमानता र सीमान्तीकरणको प्रभावस्वरूप विपत्बाट जोगिन वा जुध्नका लागि हुनुपर्ने समुत्थान क्षमतामा अन्तर पर्छ । यसबाहेक जलवायु परिवर्तनले पनि विपत्जन्य जोखिम बढाएको छ । के कुरा बुझ्नु जरुरी छ भने जसरी मानवीय क्रियाकलापकै कारण विपत् जोखिम बढेको छ, प्रकृतिमा असन्तुलन देखा परेको छ, त्यसरी नै मानवीय व्यवहार र कार्यमा देखाइने सावधानी र प्रकृतिको संरक्षणलाई अर्थतन्त्र र विकासको एक महत्वपूर्ण सर्त मान्न सकियो भने विपत् जोखिम घट्ने छ । त्यसो हुन सके विपत्को मुख्य कारण पहिचान भई उपयुक्त रणनीतिको प्रयोगबाट विपत् व्यवस्थापन सरल हुन जान्छ ।

**समाधान के त ?**

समुदायको जोखिम बहन क्षमता अर्थात् समुत्थानशीलता बढाउन तथा विपत् घटनापश्चात् पहिलेको अवस्थामा फर्कनका लागि पनि गरिबीको सम्बोधन अपरिहार्य छ । यसका लागि खासगरी हाल प्रयोगमा रहेका पूर्वाधारको गुणस्तर बढाउने, सामाजिक सुरक्षाका स्किमलाई बृहत् बनाउँदै लैजाने, विकासमा दिगोपन ल्याउने उपाय अवलम्बन गर्ने र शिक्षा तथा स्वास्थ्य सुविधामा पिँधमा रहेका वर्गको पहुँच बढाउन सकेमा कतिपय अप्ठेरा समाधान हुने देखिन्छ ।

समावेशी खालको भू-उपयोग योजना जसले सीमान्तकृत समुदायले बेहोर्नु परेका जोखिमलाई सचेतना, पूर्वतयारी र निर्णय प्रक्रियामा सहभागिताका माध्यमले सम्बोधन गर्न सकिन्छ, अवलम्बन गरिनु पर्छ । विपत् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दा सीमान्तकृतको आवाज सुनिनु आवश्यक छ । गरिब घरपरिवारको विपत्सँग मुकाबिला गर्ने सक्षमता बढाउन बिमाको स्किममा विपत् घटनालाई समेट्नुका साथै जोखिमको विश्लेषणसहितको प्रकृतिमैत्री विपत् व्यवस्थापन रणनीति अपनाउनु आवश्यक छ ।

# अर्थतन्त्रमा पर्यटन क्षेत्र



• केबी बस्नेत

केही वर्षयता विश्वका साना देशमा पर्यटन क्षेत्रको विकास तीव्र गतिले भइरहेको छ । फलतः यी देशको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान पनि बढिरहेको छ । उदाहरणका लागि सन् २०१९ मा मकाउको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ५२.२ प्रतिशत थियो भने दक्षिण एसियाली देश माल्दिभ्सको कुल गार्हस्थ उत्पादनमा यो क्षेत्रको योगदान २६.४ प्रतिशत थियो । यसैगरी सेसेल्सको कुल गार्हस्थ उत्पादनमा यो क्षेत्रको योगदान २६.४ प्रतिशत थियो, जसलाई न्यून मान्न सकिँदैन ।

सन् २०१९ मा विश्वका सात देशका कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशतभन्दा बढी थियो । बाँकी देशमा खास गरी एसिया प्रशान्त क्षेत्रका देशमा यो क्षेत्रको ठोस विकास भएन । सन् २०१९ मा नेपालको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान नगण्य थियो । त्यसैले यस वर्ष पर्यटन विकासको सन्दर्भमा नेपाल विश्वको ८८ औं स्थानमा रहेको थियो ।

सन् २०२१ मा 'दी ग्लोबल इकोनोमी डटकम' ले पर्यटन क्षेत्रबाट कुल गार्हस्थ उत्पादनमा १० प्रतिशतभन्दा बढी योगदान प्राप्त गर्ने देशका नाम आफ्नो प्रतिवेदनमा समावेश गरेको थियो । सो प्रतिवेदन अनुसार सन् २०२१ मा अरुबा भन्ने देशको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ४१.२६ प्रतिशत भई पहिलो स्थानमा रहेको थियो भने माल्दिभ्सको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान ३७.६१ प्रतिशत भई विश्वको दोस्रो स्थानमा रहेको थियो । यसै गरी एन्टिगवा एन्ड बर्बाडोसको ३०.३६ प्रतिशत र नेदरल्यान्डको मातहतमा रहेको एन्टिलेस टापुको २३.३ प्रतिशत योगदान थियो । सन् २०२१ मा सम्बन्धित देशका कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रबाट १० प्रतिशतभन्दा बढी योगदान प्राप्त गर्ने देशमध्ये सबैभन्दा सानो देश बहमास हो । यस वर्ष यसको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान १०.३८ प्रतिशत थियो ।

सन् २०२१ मा नेपालको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान नगण्य थियो । तसर्थ 'ग्लोबल इकोनोमी डटकम' ले त्यसबेला प्रकाशित गरेको प्रतिवेदनमा नेपालको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ०.७१ प्रतिशत औंल्याइएको थियो, जुन अन्य साना राष्ट्रको तुलनामा न्यून हो । भौगोलिक विविधताको सम्बन्धमा नेपाल अन्य देशको तुलनामा कम छैन । यहाँ विश्वकै उच्च हिमशिखर सगरमाथालगायत आठ हजार मिटरमाथिका आठ वटा हिमाल छन् । यसबाहेक यहाँ मधेश र समथर मैदान, भित्री मधेश, स-साना मैदान, उपत्यका, टार र खोँच प्रशस्त छन् । यिनीहरूले पर्यटकलाई आकर्षित गर्छन् ।

नेपाल विभिन्न किसिमका जडीबुटीजन्य वनस्पतिका लागि पनि प्रसिद्ध छ । सन् १९७० देखि सन् १९८० सम्म गरिएको एक अध्ययन अनुसार यहाँ पाँच हजार ६७ प्रकारका वनस्पति पाइन्छन्, जसको हालसम्म पनि उपयुक्त किसिमबाट सदुपयोग गर्न सकिएको छैन । यिनीहरूको संरक्षण गर्न सकेमा भविष्यमा यहाँ आउने पर्यटकको संख्या निकै नै बढ्ने कुरा नकार्न सकिँदैन ।

विश्वमा कोभिडको असर न्यून भएपछि अन्तर्राष्ट्रिय मापदण्ड खुकुलो बनाइएको छ भने व्यावसायिक वातावरण पनि सहज बन्दै गएको छ । यसबाहेक अन्तर्राष्ट्रिय बजारमा पर्यटकीय क्षेत्रको प्रभावकारी बजारीकरणका नयाँ रणनीतिक कार्ययोजना बनाउन तयारी भएकाले आउँदा वर्षमा नेपाललगायत विश्वका धेरै देशमा पर्यटकको संख्या बढ्ने सम्भावना छ । नेपाल सरकारले हरेक वार्षिक बजेटमा सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्य स्थल विकास गरी राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्दै लैजाने कुरा उल्लेख गर्दै आएको छ । यसबाहेक नेपाल सरकारले एकातर्फ सन् २०२५ लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने घोषणा गरेको छ भने अर्कातर्फ सन् २०२२ देखि सन् २०३२ सम्मलाई पर्यटन दशकका रूपमा मनाएर यहाँ प्रतिवर्ष ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको छ ।

वर्तमान समयमा काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र विदेशी पर्यटक नेपाल आउँछन् । भविष्यमा पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आएपछि यहाँ आउने पर्यटकको संख्या बढ्न सक्ने सम्भावना छ । हाल नेपालका विभिन्न ठाउँमा तारे होटेल स्थापना गर्ने क्रम बढिरहेकाले भविष्यमा विदेशमा यसको बजारीकरण बढ्ने छ, जसको फलस्वरूप पर्यटकको संख्या निकै नै बढ्ने छ ।

नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकको प्रतिदिन प्रतिव्यक्ति औसत बसाइ अवधि पनि अन्य देशको तुलनामा न्यून छ । तसर्थ हालसम्म पनि यहाँको पर्यटन उद्योगबाट आशा गरेअनुरूप फाइदा प्राप्त गर्न सकिएको छैन । उदाहरणका लागि सन् २०१७ मा यहाँ आएका विदेशी पर्यटकको प्रतिदिन प्रतिव्यक्ति औसत बसाइ १२.६ दिन थियो भने सन् २०१८ र सन् २०१९ उक्त अवधि १२.४ दिन थियो । सन् २०२० मा यहाँ भ्रमण गर्न आएका विदेशी पर्यटकको औसत बसाइ केही बढे पनि सन् २०२१ मा सो अवधि १५.१ दिन पुगेको थियो, जुन हालसम्मकै बढी मानिन्छ ।

नेपालमा आउने विदेशी पर्यटकले यहाँको अर्थतन्त्रमा केही प्रभाव पार्छन् तर छोटो बसाइका कारण उनीहरूले थोरै रकम मात्र खर्च गर्छन् । त्यसैले उनीहरूले यहाँको अर्थतन्त्रमा थोरै मात्र योगदान पुऱ्याउँछन् । उदाहरणका लागि सन् २०१७ मा यहाँ आउने विदेशी पर्यटकले प्रतिदिन प्रतिव्यक्ति औसत ५४ डलर खर्च गरेका थिए भने सन् २०१८ मा ४४ डलर मात्र खर्च गरेका थिए । यसैगरी सन् २०१९ मा यहाँ आएका विदेशी पर्यटकको प्रतिदिन प्रतिव्यक्ति औसत खर्च ४८ डलर थियो । यद्यपि सन् २०२० मा नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकको प्रतिदिन प्रतिव्यक्ति खर्च ६५ डलर पुगेको थियो, जुन हालसम्मकै बढी हो । पर्यटन क्षेत्रको विकासका लागि भविष्यमा यहाँ आउने विदेशी पर्यटकको औसत बसाइ अवधि बढाउन सक्नु पर्छ । यसका लागि एकातर्फ उनीहरूलाई बढी सुविधा दिन आवश्यक छ भने अर्कातर्फ उपयुक्त योजना बनाई कार्यान्वयन गर्न उत्तिकै जरुरी छ । नेपालमा आर्थिक वर्ष २०७९/८० को सुरुदेखि नै पर्यटकको आगमनमा सुधार हुन थाल्यो किनभने कोभिड-१९ को असर कम भएपछि अन्तर्राष्ट्रिय मापदण्ड खुकुलो बने र व्यावसायिक वातावरण सहज बन्दै गयो । नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार सन् २०२३ मा नेपालमा १० लाखभन्दा बढी पर्यटक भित्रिए । कोभिड-१९ को महामारीपछि उक्त वर्ष यहाँ सबैभन्दा बढी पर्यटक आएका हुन् । बोर्डका अनुसार अन्तर्राष्ट्रिय बजारमा पर्यटकीय क्षेत्रको प्रभावकारी बजारीकरणका लागि नयाँ योजना बनाउने तयारी भएकाले आगामी वर्षमा पर्यटकको संख्या बढ्ने सम्भावना छ । सरकारले हरेक वर्षको बजेटमा सुरक्षित एवं आकर्षक गन्तव्य स्थलको विकास गर्दै यहाँको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्ने कुरा उल्लेख गर्दै आएको छ तर यसलाई व्यवहारमा उतार्न सहज छैन । यसका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाको सक्रिय सहयोग आवश्यक छ ।

# धर्मले सिकाएको नैतिकता



• प्रकाश अधिकारी



संविधानअनुसार नेपाल बहुधार्मिक तर धर्म निरपेक्ष राज्य हो । धर्मका आधारमा कुनै पनि प्रकारको भेदभाव नगरिने मौलिक हकको प्रत्याभूति छ । राज्यको कुनै धर्म हुँदैन, त्यसैले राज्यको चरित्र धर्म निरपेक्ष छ । धर्म निरपेक्षको सीधा अर्थ धार्मिक वा आध्यात्मिक नहुनु हो । यौन र प्रेमझैँ धर्म पनि नितान्त निजी मामिला भएकाले यसको सार्वजनिक प्रदर्शन गर्नु हुँदैन । संविधानमा सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रतालाई धर्मनिरपेक्ष सम्झनु पर्छ भनी चलनचल्तीको अर्थभन्दा फरक ढङ्गले अर्थ्याइको छ । यो व्यवस्थाले प्रत्येक नागरिकलाई आफ्नो धर्मको अभ्यास र प्रचार गर्न पूर्ण स्वतन्त्रता हुन्छ । जुनसुकै धर्मका भए पनि सबै नागरिकलाई समान व्यवहार गरिन्छ, धर्मका आधारमा कुनै भेदभाव गरिँदैन ।

नास्तिकलाई पनि आस्तिक सरहकै अधिकार र संरक्षण प्राप्त हुन्छ । धर्म-निरपेक्ष राज्य अथवा समाज अधार्मिक समाज हुनु होइन, धर्मको अस्तित्वको विद्यमानता हुन्छ । धर्मावलम्बी आफ्नो धार्मिक ग्रन्थमा उल्लिखित सिद्धान्तमा विश्वास र पालना गर्न स्वतन्त्र हुन्छन्, निजहरूको विधिसम्मत धार्मिक मामिलामा राज्य वा अन्य शक्तिले हस्तक्षेप गर्दैन ।

धर्मनिरपेक्ष समाज आमरूपले शान्त र उन्नत जीवनको आधारशिला हो । धर्मनिरपेक्ष देश वा समाज संविधान वा ऐनका व्यवस्थाद्वारा सुनिश्चित हुने विषयभन्दा पनि समाज विकासका चरणले धर्म निरपेक्ष मूल्य र मान्यतालाई स्वतः आत्मसात् गर्छ । धर्म निरपेक्ष संविधानले धर्मान्तरण गर्ने गराउने स्वतन्त्रता दिएको छ । सङ्गठित रूपले नेपालमा धर्मान्तरण हुने गरेकाले राज्यको यस चरित्रमा विवाद उठ्ने गरेका छन् । समाजले अङ्गीकार गरेको राजनीतिक, आर्थिक र सांस्कृतिक मापदण्ड र मूल्यका आधारमा यसलाई परम्परागत, आधुनिक र आधुनिकोत्तर गरी वर्गीकरण गर्ने गरिन्छ । पहिलो खालको समाज धर्म, झारफुक, जादु-टुना र धामी-झाँक्रीमुखी हुन्छ, जसले वास्तविक वा काल्पनिक अतितसँग गहिरो लगाव अथवा निरन्तरताको सङ्केत गर्छ । यो समाजमा पवित्र भोज, बलि र कर्मकाण्डको प्रधानता रहन्छ । व्यक्तिको हैसियत उसको जन्मले निर्धारित गर्छ र ऊ सामाजिक गतिशीलताका लागि कुनै प्रयत्न गर्दैन । उसको अन्तरक्रियामा कुल कुटुम्ब र नातेदारी प्रमुख हुन्छन् र त्यसैभित्र उसको पहिचान बन्छ ।

अर्थ व्यवस्था सरल हुन्छ र निर्वाहभन्दा माथि आर्थिक उत्पादकत्व अपेक्षाकृत कम हुन्छ । तर्कमा आधारित नभएर काल्पनिक र पौराणिक विचार समाजमा सर्वोपरी हुन्छ । सर्वसाधारणले प्रणाली र पद्धतिभन्दा चमत्कार र वरदान खोज्छन् । औद्योगिक विकास नभएको सरल समाजमा सांसारिक उपलब्धिका लागि अलौकिक शक्तिलाई प्रशन्न गर्न संस्कार र प्रतिकात्मक कार्य गरिन्छन् ।

आधुनिक समाज विज्ञान र तर्कमा केन्द्रित हुन्छ । धर्मको प्रभाव कम भएर धर्म निरपेक्ष र भौतिक संस्कृतिको उदय भएको मौद्रिक अर्थतन्त्र एवं बजारका लागि उत्पादन र उपभोग गर्ने, निजी पुँजीको संग्रह र सञ्चय गर्ने समाज आधुनिक हो । आधुनिकताको विशिष्ट गुण धर्म निरपेक्ष सत्ताको वर्चस्व भएर राज्यका मामिलामा धार्मिक प्रभावको सीमान्तीकरण र भौतिक संस्कृतिको प्रधानता हो । अति आधुनिक (आधुनिकोत्तर) समाज आलोचनात्मक जागृतिमा बल दिन्छ र प्रकृति, पर्यावरण र मानवतामा विज्ञान र प्रविधिको विनाशकारी असरकाबारे चिन्तित रहन्छ । विकासको वेगमा अवाञ्छित नकारात्मक परिणाम र जोखिमतर्फ सङ्केत गर्छ ।

आधुनिक समाजको राष्ट्रवादबाट अगाडि बढेर भूमण्डलीकरणको प्रक्रियातिर गतिशील हुन्छ । आधुनिक समाजको जस्तो आर्थिक विकासलाई मरिहत्ते नगरेर संस्कृतिलाई धेरै महत्व दिन्छ । संसारलाई आधुनिक समाजले जस्तो द्वैधवादी वा विरोधाभासको अर्थमा नहेरेर एकता, समानता, सम्बन्धन र मेललाई महत्वपूर्ण मान्छ । आधुनिकोत्तर समाजमा धार्मिक विश्वासको पकड शिथिल भएर जान्छ, यद्यपि धर्ममा रुचि भइरहन्छ ।

नेपाली समाजमा पहिलो र दोस्रो दुवै समाजका चरित्र भेट्टाइन्छन् । अन्य देशको तुलनामा आर्थिक विकासको गति सुस्त भएको र समाजका विभिन्न वर्गबिच देखिएको आर्थिक विषमताका कारण नेपाली समाजमा अवश्यमेव केही छटपटी उत्पन्न भएका छन् । यो छटपटी विभिन्न स्वरूपमा प्रकटीकरण हुने गर्छ । समाजमा धर्मको प्रभावलाई इहलौकिक विश्वास र गतिविधिद्वारा प्रतिस्थापन गर्ने प्रक्रिया धर्म निरपेक्ष समाजको प्रस्थान हो । धर्म निरपेक्षले यथार्थलाई अङ्गीकार गर्छ, व्यक्तिका अधिकारलाई दैवीप्रदत्त नभएर तर्क र औचित्यले प्रकृतिको वास्तविक लाभका रूपमा मान्यता दिन्छ, कुनै घटना वा व्यवहारलाई व्याख्या गर्न रहस्य वा अन्धविश्वासको सहयोग लिँदैन । 'ईश्वर सर्वशक्तिमान हुन्छ' वा 'व्यक्तिको जीवनमा जे जति हुन्छ पूर्वनिर्धारित हुन्छ' जस्ता कुराको महत्व घटेर जान्छ । रहस्य र अचम्म हुँदैन, तर्कले मिथक र लोक परम्परालाई किनारा लगाउँछ ।

धर्म निरपेक्ष निर्धारक तत्वमा आर्थिक विकास र औद्योगिकीकरण सबैभन्दा प्रमुख हुन्छ । मानिसलाई विघ्नबाधा, दुःख र गरिबीमा धर्मले दिने सान्त्वना वा ढाडस आर्थिक समुन्नतिले घटाइदिन्छ । मानिस असुरक्षित भविष्यप्रति सदैव चिन्तित रहन्छ । यो चिन्ता मुख्य गरेर गाँस-बासका लागि हुन्छ । यो चिन्ताले नै मानिसलाई पारलौकिक शक्तितिर आकर्षित गरिरहेको हुन्छ । विकसित अर्थतन्त्रका मानिस कामको हतारोमा हुन्छन् । तिनलाई भौतिक समृद्धिको उच्चतम् विन्दुमा पुग्ने हतारो हुन्छ । कामलाई तिनले पहिलो प्राथमिकता दिन्छन् । सामाजिक गतिशीलता तिनको धर्म हुन्छ । युरोपका नोर्डिक मुलुकको आर्थिक विकासले उच्चतम् बन्दोबस्तको स्वास्थ्योपचार, शिक्षा र सामाजिक सुरक्षा सुनिश्चित गर्नाले मानिसको भविष्यप्रतिको चिन्ता र पारलौकिक शक्तिको पूजन गरेर सहयोग याचना गर्ने प्रवृत्ति पनि घटेर गएको देखिन्छ ।

परम्परागत समाजमा अन्धविश्वास र आर्थिक कारणले उच्च बाल मृत्युदर, भोकमरी र रोगको प्रकोप हुन्छ । यस्तो समाजमा बाँच्नका लागि नभई नहुने आधारभूत विषय शुद्ध पिउने पानी, पर्याप्त पोषणयुक्त खाना, स्वास्थ्योपचारको सुविधा र शिक्षाको अभाव रहन्छ । समाज सशस्त्र द्वन्द्वबाट गुज्रिरहेको अवस्थामा हुन सक्छ । जीवनका यस्ता अभावसँग जुधिरहेको मानिसका लागि धर्म पीडालाई कम गर्ने वा सहन गर्न सक्नलाई तागत दिने 'अफिम' समान हुन्छ । औद्योगिक समाजमा कृषिको यान्त्रिकीकरण र व्यावसायिकीकरण भएर अर्थतन्त्र उत्पादनशील चरणमा प्रवेश गरेपछि भोकमरी, स्वास्थ्योपचार जस्ता समस्या रहँदैनन् ।

आधुनिक समाजमा मानिस प्रत्येक निर्णय उपयोगितालाई आधार मानेर गर्छन् । धर्मलाई लागत, नाफा, माग र आपूर्तिका दृष्टिकोणले हेरिन्छ । एउटा तार्किक मानिसले प्राप्त अवसरबाट उपलब्ध स्रोत र साधनको प्रयोग गरी उच्चतम् उपयोगिता प्राप्त गर्न चाहन्छ । धेरैभन्दा धेरै आर्जन गर्न चाहन्छ, भौतिक सुविधा प्राप्त गर्न चाहन्छ र त्यसका लागि अधिकतम् समय र प्रयास लगनशील भएर लगाउँछ । धर्म, कर्मकाण्ड गरेर तत्काल प्रतिफल नपाइने अनुत्पादक क्षेत्रमा लगानी गर्न रुचि उसमा हुँदैन । बिदाको दिनमा मन्दिर जान वा धर्मकर्म गर्नुको सट्टा घुमघाम र साथीभाइसँग जमघट गरेर रमाइलोमा भुल्छ, जसले उसलाई पुनर्ताजगी गराउँछ र आफ्नो पेसा-व्यवसायमा अब्बल गर्ने उत्प्रेरणा मिल्छ ।

शिक्षाको उद्देश्य वैज्ञानिक मानसिकताको निर्माण भएकाले समाजमा विद्यमान शिक्षाको स्तर धर्म निरपेक्ष निर्धारण गर्ने अर्को महत्वपूर्ण तत्व हो । शिक्षाप्राप्तिले मानिसलाई सशक्तीकरणको बोध गराउँछ जसको अर्थ अन्यसँग भर नपर्ने हुनु हो । शिक्षाले मानिसको मस्तिष्कमा वैज्ञानिक वस्तुनिष्ठताको ज्ञान वा जागृति घुसाउँछ, जसबाट वैज्ञानिक तथ्य र दन्त्य कथाबिचको अन्तर पहिचान गर्न सक्ने हुनु हो । आधुनिक समाजमा शिक्षाको राम्रो प्रबन्ध हुनाले उच्च शिक्षाप्राप्त मानिसमा प्रत्येक कुरामा तर्क गर्ने, प्रश्न सोध्ने र प्रमाण माग्ने ल्याकतको विकास भएको हुन्छ । धर्मको विश्वासको आधारका बारेमा पनि प्रश्न हुन्छन् जसको आधार केवल 'विश्वास' मात्रै हुन्छ । जति जति वैज्ञानिक ज्ञान र प्रविधिको क्षेत्र विस्तृत भएर जान्छ, धर्मको क्षेत्र संकुचित हुन्छ ।

नगरीय जीवनले धर्म निरपेक्षलाई प्रोत्साहित गर्छ । औद्योगिकीकरण, आर्थिक विकास र नगरीकरण सँगसँगै हुन्छ । गाउँमा जस्तो सामाजिक जीवनको घनिष्ठता नगरीय जीवनमा सर्वथा अभाव हुन्छ । गाउँमा मानिस छरिएर बसे पनि एक अर्काको चासो, चिन्ता र चौकसी बढी हुन्छ, सम्बन्ध नजिकको हुन्छ । ग्रामीण जीवनमा धर्म निजीभन्दा सार्वजनिक सरोकारको विषय हुन्छ । सामूहिक भोज भतेर, कर्मकाण्डमा विश्वास लागे/नलागे पनि सहभागिता जनाउनु पर्छ, जबकि नगर जीवनका यस्तो अवस्था आइपर्दैन । नगरको व्यस्त दैनन्दिनी कार्यका बिच धर्मका नियम जस्ताको तस्तै कडाइका साथ पालना गर्न व्यावहारिक नहुँदा सरलीकृत गरिन्छ । यजमानको आशय बुझेर पुरोहितले पनि यसका लागि प्रोत्साहित गर्छन् र धार्मिक क्रियाकलापको सहज र सरल अभ्यास गर्नमै कल्याण देखेका हुन्छन् ।

धर्ममा विश्वास गर्ने वा नगर्ने वा गर्ने/नगर्ने मिसिएको मौलिक विचारको विकास गर्ने स्वतन्त्रता लोकतन्त्रमा हुन्छ । राज्य जति कल्याणकारी चरित्रको हुन्छ वा आफ्ना नागरिकलाई सामाजिक सुरक्षाले समेट्न सक्छ त्यति नै सामाजिक संरचना पनि स्वतःस्फूर्त धर्म निरपेक्ष हुन्छन् ।

दिनानुदिन बढिरहेको सामाजिक र भौगोलिक गतिशीलता तथा आधुनिक सञ्चार व्यवस्थाको विकासले व्यक्तिमा धर्मको प्रभावलाई शिथिल बनाइदिएको छ । धर्मानुयायीलाई एकअर्काको धार्मिक विश्वासलाई सहन गर्न सिकाएको छ, सहअस्तित्वको भावना बढाएको छ । अनेक धार्मिक मूल्य बदलिएका छन्, प्रथाहरू समाप्त भएका छन् र विज्ञान एवं तर्कको महत्व बढेर गएको छ । मानिस नयाँ विचार र परिप्रेक्ष्यको संस्कृतिको खोज गर्ने स्वतन्त्रताको अनुभव गर्छन् ।

विवाह, परिवार, जाति र केही परम्परागत संस्थामा धर्मको प्रभाव कम भएर गइरहेको देखिन्छ । सत्य के हो भने धर्मको तागत पनि जारी नै छ । धर्मले आफैँलाई राम्रोसँग बुझ्न र जिउनलाई मद्दत गर्छ । धर्म रूढि, परम्परा र कर्मकाण्डसँग मात्र सम्बन्धित छैन, अध्यात्म र नैतिकता धर्मले मात्र सिकाउँछ । स्वदेशी धार्मिक स्थलमा तीर्थाटनका लागि जाने, नयाँ तीर्थस्थल पत्ता लगाउने र पूर्वाधारको विकास गर्ने, धार्मिक उपबास बस्ने, पर्व मनाउने तरिकामा परिवर्तन भए पनि आममानिसको अभिरुचिमा कमी आएको छैन । संस्थागतको अपेक्षा व्यक्तिगत अर्थ र पूर्तिका माध्यमका रूपमा धर्म पूरा उत्साह र शक्तिका साथ जीवित छ ।

## सशस्त्रले बरामद गर्‍यो साढे १२ लाखको लत्ताकपडा


झापा(प्रस) । सशस्त्र प्रहरीले भारतबाट अवैध रुपमा भन्सार छलेर नेपाल भित्र्याएको अन्दाजी साढे १२ लाख बराबरको लत्ताकपडा बरामद गरेको छ ।

सशस्त्र प्रहरीले बुद्धशान्ति र मेचीनगरबाट सो मूल्य बराबरको लत्ताकपडा बरामद गरेको सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ गण हेक्वा झापाका डीएसपी तथा सूचना अधिकारी सुमन पोखरेलले जानकारी दिए ।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस टिमाईबाट खटिएको टोलीले मंगलबार साँझ ७:१० बजे बुद्धशान्ति गाउँपालिका-७ स्थित सुनमाई चिया बगानभित्र लुकाइ राखेको अवस्थामा ८ पोका कपडा बरामद गरेको हो । अन्दाजी १० लाख मूल्य बराबरको लत्ताकपडा इलाम र झापा जोडिएको सीमावर्ती नाकाबाट चोरी तस्करीको माध्यमबाट भित्र्याई सो स्थानमा ल्याएर भण्डारण गरी राखिएको थियो ।

त्यस्तै सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकडभिट्टाबाट खटिएको टोलीले मंगलवारै साँझ साढे ७ बजेको समयमा मेचीनगर नगरपालिका-६ स्थित बसपार्क क्षेत्रबाट अन्दाजी दुई लाख ५० हजार मूल्य बराबरको कपडा बरामद गरेको डीएसपी पोखरेलले बताए । सो सामान पनि भारतबाट भन्सार छलेर नेपाल भित्र्याएको थियो ।

बरामद गरिएको सामानहरूमा कुर्ता सुरुवाल, लेडिज पेन्ट, लेहेङ्गा, गन्जीलगायत रहेका छन् । बरामद गरिएको सामानलाई आवश्यक कारबाहीका लागि मेची भन्सार कार्यालय काँकडभिट्टा बुझाउने तयारी भइरहेको जनाइएको छ ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

वृष: रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

मिथुन: छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कर्कट: आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

सिंह: प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

कन्या: महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

तुला: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

वृश्चिक: आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

धनु: आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

मकर: मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

कुम्भ: आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

मिन: दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।